लुम्बिनी प्रदेश सरकार
वन, वातावरण तथा मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, नवलपरासी (व.सु.प.)

**वन प्राविधिक (पाँचौ तह) - आबश्यकता सम्बन्धि सुचना**

**प्रथम पटक सुचना प्रकाशित मिति-२०८३/०५/०९**

नेपाल सरकार, कृषि वन तथा पर्यावरण मन्त्रालय, रेड कार्यान्वयन केन्द्र, ववरमहल, काठमाण्डौको च.नं. ४६ मिति २०८३/०४/२२ को पत्रबाट वन विकास कोष (कार्बन उत्सर्जन न्युनिकरण) कार्यक्रम, संघीय सशर्त अनुदान अन्तर्गत **स्थानीय तह, रेडका कार्यक्रम, समुदाय तथा नीजि वनलाई सहयोग गर्न २ (प्रति डि.ब.का) वन प्राविधिक नियुक्ती (पाचौ तह) शिर्षकमा** विनियोजित वजेटको परिधिभित्र रही चालु आ.व.२०८३/०८४ को लागि डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.) र सो को कार्य क्षेत्रमा स्विकृत कार्यक्रम कार्यन्वयन कार्यविधि अनुसार कार्य गर्ने गरी वन प्राविधिक (पाँचौ तह) को रुपमा देहायको संख्या र योग्यता भएका प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र तपसिलका कागजात सहित यस कार्यालयमा निबेदन पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ।

| पद नाम | माग संख्या |
|---|---|
| वन प्राविधिक (पाँचौ तह) | २ (दुई) |

**तपसिल**

**क) आबश्यक काजगात:**

१. निबेदन।
२. बायोडाटा (Curriculam vitae)।
३. नागरिकताको प्रमाणित प्रतिलिपी।
४. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी।
५. अनुभव खुल्ने प्रमाणित कागजात।
६. बृक्षारोपण सम्बन्धि अनुभवको प्रमाणपत्र वा सिफारिस पत्रको प्रमाणित प्रतिलिपी।

ख) योग्यता:

- वन विज्ञान विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह अध्ययन गरी कम्तिमा १ बर्षको अनुभव भएको वा वन विज्ञान विषयमा स्नातक उतिर्ण गरेको
- समृद्धिका लागि वन कार्यक्रम वा यस्तै जलवायु परिवर्तन संग सम्बन्धित परियोजनामा निजी वन, सार्वजनिक वन वा वन क्षेत्रमा आफ्नै अगुवाईमा वन विकासको कार्य गरी कम्तीमा ५ हेक्टर बृक्षारोपण गरेको। (१० हेक्टर भन्दा बढी बृक्षारोपण गरेकोलाई प्राथमिकता दिईनेछ।)
- लुम्बिनी प्रदेशको स्थाई वासिन्दालाई प्राथमिकता दिईनेछ।
- १८ वर्ष उमेर पुरा भई ५८ वर्ष ननाघेको हुनुपर्नेछ।
- आदिबासी जनजाति, दलित, मधेसी, महिला, अल्पसंख्यक समुदायलाई प्राथमिकता दिईनेछ।
- REDD+ का बारेमा जानकार, लागत अनुमान तयार गर्न सक्ने, कम्प्युटर सिप भएकोलाई प्राथिमकता दिईनेछ।
- अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको।

ग. छनौट प्रक्रिया र पारिश्रमिक

१. आबेदन दिने अन्तिम मितिः २०८३/०५/१५

२. छनौट प्रक्रियाः उम्मेदवारहरुको (Curriculam vitae), शैक्षिक योग्यता, नागरिकतामा उल्लेखित जन्ममिति, अनुभव लगायतका आधारमा REDD+ कार्यान्वयन केन्द्रले तोकेको वन प्राविधिक नियुक्ति सम्बन्धि मापदण्ड बमोजिम छनोट गरिनेछ।

३. पारिश्रमिकः नेपाल सरकारको प्रचलित नियमानुसार।

थप जानकारीको लागि यस डिभिजन वन कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

"समृद्ध लुम्बिनी, आत्म निर्भर प्रदेश"

email : parasidfo@gmail.com